# इन्टरनेटमा नेपाली साहित्य

श्याम रिमाल

अहिले उच्च वर्गका व्यक्तिमा कम्प्युटर नभएको घर पाउन मुस्किल नै होला । मध्यमवर्गको पनि ठूलो जमात आफूकहा्‌ कम्प्युटर भित्र्याउन दौडेको छ । अहिले जे छ, कम्प्युटरमै छ । सिंगापुरमा कागजबिनाको अदालत चलिरहेको केही समय बितिसकेको छ । संघ-संस्थाहरू कागजमा होइन कम्प्युटर पर्दामा आफ्ना काम कारबाही फत्ते गर्छन् । कम्प्युटरबाटै व्यापार गर्ने इ-कमर्सको अवधारणा आएको पनि भर्खर-भर्खर नै हो । सीडी, भीसीडीबाट नै चलचित्रको धित मार्ने ठूलो समूह तयार भइसकेको छ ।

यसै मेसोमा नेपालमा पनि आफ्ना सूचनाहरू वेभसाइट ठेगानामा राखेर विश्वव्यापी प्रचार-प्रसार गर्न धेरै संस्था लागिपरेका छन् । त्रिभुवन विश्वविद्यालयले आफूले लिएका परीक्षाको नतिजा अब वेभसाइटमा राखेर ठूलो गुन लगाएको छ । तर नतिजा विवरण ढिलो राख्ने गुनासो त छुदैछ । आफ्नो संस्थाको अन्य गतिविधि भने त्यसले अझै वेभसाइटमा राख्न सकेको छैन । सर्वोच्च अदालत, नेपाल बार एसोसिएसन, राष्ट्रिय योजना आयोगले पनि यस क्षेत्रमा कदम राखेर अघि बढिसकेका छन् ।

तर, हाम्रो साहित्यका ठेक्का लिएका सरकारी संस्थाहरूमा भने आफ्नो गतिविधि इन्टरनेटमा राख्नुपर्छ भन्ने चेतसम्म छैन । बरु युवा कलाकारहरूले इन्टरनेटको माध्यमबाट नेपाली ललितकलालाई विश्वव्यापी बनाउने प्रमुख सोचका साथ फाइनआर्ट नेपाल डट कम नामक वेभसाइटको स्थापना गरी गत पुस १९ गते विमोचन पनि गराइसकेका छन् । चित्रकला, मूर्तिकला, हस्तकला, वास्तुकलालगायत ललितकलाका समग्र विधा समेट्ने गरी नेपालमै पहिलोपटक त्यस्तो वेभसाइट खोलिएको दाबी गरिएको छ । मैथिली साहित्य परिषद्ले पनि भर्खरै मैथिली भाषाको इन्टरनेट पत्रिका (पल्लभ मिथिला डट मेनपेज डट नेट) विमोचन गरेको छ । युवा साहित्यकार धीरेन्द्र प्रेमर्षि सम्पादक रहेको सो पत्रिकामा मैथिली साहित्य, कला र संस्कृतिलाई नै पहिलो प्राथमिकता दिइएको छ । मदन पुरस्कार पुस्तकालय जस्तो अग्रणी संस्थाले पनि हालसालै आफूलाई वेभसाइटमा संलग्न गराई सराहनीय काम गरेको छ । त्यसो त आफ्नो कथासंग्रह पानीको थोपा (?) वेभसाइटमा राखेर कथाकार विनय कसजू उहिल्यै पहिलो वेभसाइट साहित्यकार बनिसक्नुभएको हो ।

अमेरिकाबाट प्रकाशित हुने प्रमुख अनलाइन म्यागेजिनमा सुस्केरा, परदेश र नेपाली पोस्ट छन् । सुस्केराले नेपालका अंग्रेजी उपन्यासकार तथा कथाकार सम्राट उपाध्यायलगायतका अन्य कवि/लेखकहरूका कविता, निवन्ध, अंग्रेजी-नेपाली दुवै भाषामा राखेको छ । त्यसमा केही बेग्लै धारका नेपाली चलचित्रको विषयवस्तुबारे पनि चर्चा गरिएको छ । नेपाली-अमेरिकी साहित्य समाजको सक्रियतामा खोलिएको उक्त वेभसाइटमा सो समाजका यावत् गतिविधि समेटिएका छन् । त्यस्तै परदेशले पनि विदेश र स्वदेशका साहित्यकारका फुटकर रचना, पुस्तक समीक्षा र अन्तर्वार्ता प्रकाशित गरेको छ । नेपाली पोस्ट अमेरिकामा बस्ने नेपाली पत्रकारहरूको संस्था नेपाली-अमेरिकी पत्रकार समाजको सक्रियतामा खोलिएको प्रसिद्ध नेपाली वेभसाइट हो, जसमा साहित्यका अलावा समसामयिक नेपाली राजनीति, उक्त समाजका गतिविधि, समाचारलाई समेटिएको छ । नेपालका पत्रिकामा पाउन कठिन सूचनासमेत राखेर त्यसले नेपाली बौद्धिक जगत्लाई आकर्षण गरेको छ ।

त्रिशुली नुवाकोटका युवा साहित्यकार कपिल अधिकारीले हालसालै विशुद्ध नेपाली साहित्य केन्द्रित वेभसाइट खोलेर नेपाली साहित्यकारहरूलाई खुसी तुल्याउनुभएको छ । 'साहित्य संसार' सो वेभसाइटमा नेपालका साहित्यकार-संस्कृतिकर्मीका तस्वीर, कविता, कथा, निवन्ध, लेख, खोज, नाटक, समालोचना, संस्मरण, संस्कृति, बालसाहित्य, व्यंग्य, अनुवाद, व्यक्तित्व, पुस्तक-पत्रिका, अन्तर्वार्ता, गतिविधि समेटिएको छ । स्थापित र नवोदित साहित्यकारहरूको चौतारीका रूपमा 'साहित्य संसार'

लाई उभ्याइएको छ । हाल ताइवानमा रहेका वेभ डिजाइनर अधिकारी स्वयं कवि हुन् र उनले साहित्यकारहरूलाई आ-आफ्ना रचना पठाउन आग्रह पनि गरेका छन् । इन्टरनेट नेपाली साहित्यमा उक्त वेभसाइटलाई कोशेढुङ्गा मान्नुपर्छ । वेभको दुनियाूमा नेपाली साहित्यलाई पनि अगाडि बढाउन 'मनतरंग' नामक नेपाली वेभ पत्रिका पनि अगाडि सारिएको छ ।

साहित्यका पाठकहरूलाई पसल-पसल, पुस्तकालय, वाचनालय चहारेर पुस्तक खोजिरहन फुर्सद छैन । कम्प्युटरको यो जमानामा कोठामा बसी-बसी साहित्यको रसास्वादन गर्न पाएमा समय धेरै बचाउन सकिन्छ । साहित्यप्रति समर्पित संस्था नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान, साझा प्रकाशन, नइ प्रकाशन, साहित्यिक पत्रकार संघ, हासने, सिस्नुपानी नेपाल, जनमत प्रकाशन, प्रलेस, निराला पब्लिकेशन्सलगायतले आ-आफ्नो वेभसाइट खोल्नु जरुरी छ । इन्टरनेटमा हाम्रो गीति साहित्यलाई पनि प्रसारण गर्न सके (आवाज सुन्ने) त्यसबाट धेरै फड्को मार्न सकिने थियो ।

कवि तथा अनुवादक एवं निराला पब्लिकेशन्सका नेपालस्थित प्रतिनिधि युयुत्सु आरडी शर्मा भन्छन्- 'नेपाली साहित्यकारहरूले इन्टरनेट साहित्यको उपयोग त गर्नुपर्छ, तर यसका चुनौती पनि छन् । प्रकाशकले चाहे भने कमजोर व्यक्तित्व माथि उठाउने र स्थापितलाई तल झार्न सक्छन् । साहित्य नबुझेकाहरूले साहित्यिक वेभसाइट खोलेर हाम्रो स्थितिलाई उलटपालट पार्न सक्छन् ।' साहित्यकार तुलसी दिवसले भने धेरै अघिदेखि सञ्चारमाध्यम सबै उपयोग गर्न घचघच्याइसक्नुभएको हो ॥